## प्रतिवेदन

# संघ संस्था समन्वय शाखा

आ.व. २०८०/०८१

मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मंगलसेन, अछाम



# स्वागतम्

मितिः २०८१/०४/२४

होम बहादुर साउद
(एमआईएस अपरेटर)

# परिचयः

नगरपालिकालाई कार्यक्षेत्र बनाएर क्रियाशिल रहेका तथा मंगलसेन नगरपालिकालाई ठेगाना बनाई दर्ता भएका गैर सरकारी संघ संस्थाहरु संग समन्वय, सहकार्य र गैसस मार्फत हुने क्रियाकलापहरुको व्यवस्थित अभिलेखिकरणका लागि संघ संस्था समन्वय शाखा स्थापना भएको हो ।

# उद्देश्यः

**यस प्रतिवेदनको निम्नलिखित उद्देश्यहरु रहेका छनः**

- शाखा मार्फत भए गरेका काम कार्यहरुको जानकारी गराउँने ।
- शाखाले सम्पादन गरेका कार्यहरुबाट प्राप्त उपलब्धिहरुको नगरपालिकालाई अपनत्व ग्रहण गराउने ।
- चालु आर्थिक वर्ष २०८१/०८२ मा शाखाको प्रभावकारीता थप अभिवृद्धि गर्ने ।

# भए गरेका क्रियाकलापहरुः

***मंगलसेन नगरपालिका संघ संस्था समन्वय शाखा मार्फत छुट्टै कार्यक्रम सञ्चालन नभएपनि केही भए गरेका क्रियाकलापहरुलाई तपशिल अनुसार बुदागत रुपमा संक्षिप्त उल्लेख गरिन्छ ।***

- नगरपालिकालाई कार्यक्षेत्र बनाई सक्रिय रहेका गैर सरकारी संस्थाहरु संग समन्वयात्मक वैठक सम्पन्न गरि नगरको वार्षिक नीति तथा कार्यक्रममा संघसंस्थाहरुको कार्यक्रमलाई समेटिएको ।
- विभिन्न गैरसरकारी संस्थाहरुको वजेट नगरको वार्षिक बजेट तथा कार्यक्रममा समावेश गरिएको ।
- नगरपालिकामा गैससबाट हुने विभिन्न समिक्षा, अभिमुखिकरण, अन्तरक्रिया लगायतका कार्यक्रमहरुमा शाखाबाट प्रतिनिधित्व गरि अभिलेख राख्ने गरेको ।
- नियमित रुपमा गैससहरुको नविकरणका लागि सिफारिस तथा कार्यक्रम संचालनका लागि अनुमति प्रदान गरि अभिलेख राखिएको ।

# उपलब्धिहरुः

- गैससहरुको अभिलेखिकरणमा सहज भएको ।
- नगरपालिकामा क्रियाशिल गैससहरुसंग समन्वयका लागि एकद्धार प्रणाली अवलम्वन गर्न प्रयास भएको ।
- नगरपालिकामा संघ संस्था समन्वय शाखा स्थापना भई संचालनमा रहदा गैसस प्रतिनिधिहरुलाई समन्वय, सहकार्य र सहजिकरणमा सहज भएको ।

# अभिलेखिकरणको अवस्था

- नगरपालिकालाई कार्यक्षेत्र बनाई कार्यक्रम सञ्चालन गरिरहेका संघसंस्थाहरुको संख्याः **१२ वटा,**
- अभिलेखिकरण भएका संघसंस्थाः **१५ वटा**
- जम्मा अभिलेखिकरण भएकाः **२७ वटा**

# कठिनाई तथा चुनौतिहरुः

- संघ संस्थाहरुका कार्यक्रमहरु संचालन गरिंदा अधिकाँश बाट शाखासंग समन्वय नहुने, बरु जुन विषयगत शाखा संग आफ्नो कार्यक्रम सम्वन्धित छ त्यतैबाट समन्वय र कार्य सम्पन्न गर्ने परिपाटी रहेको ।
- नगरपालिकालाई कार्यक्षेत्र बनाई काम गरिरहेका केही संघसंस्थाहरुले शाखासंग कुनैपनि समन्वय नगर्नु ।
- कुनै कार्यक्रम वा गतिविध संचालनका लागि अनुमति लिने तर कार्यसम्पन्न प्रतिवेदन नबुझाउने प्रचलन रहेको ।
- नगरपालिकाको स्थानीय संघ, संस्था तथा समूह दर्ता तथा नियमन गर्न बनेको बिधेयक, २०७९ अनुसार संघ संस्थाहरु दर्ता तथा नविकरण प्रक्रिया अगाडि बढ्न नसकेको । आदि ।

# सुझाव तथा निष्कर्षः

नगरपालिका आफैमा स्वायत्त सरकार हो । आफै कानून निर्माण गरि कार्यान्वयन गर्ने निकाय भएकोले पनि नगरपालिका भित्र कार्यक्षेत्र भएका संघ संस्थाहरुको नियमन तथा परिचालन पनि नगरपालिकाको दायित्व हुन आउँछ । यसरि नगरपालिकाले कानून निर्माण गरि स्थानीय सरकारको कार्य प्रक्रियाभित्र गैससलाई समेटदै समाज विकासमा अग्रसर हुन निकै सराहनिय कार्य छ ।

नगरपालिकामा छुट्टै शाखाको रुपमा संघ संस्था समन्वय शाखा स्थापना भईसकेपछी गैससहरुले नगरपालिका क्षेत्रमा गर्ने हरेक गतिविधिहरु संघसंस्था समन्वय शाखाको समन्वयमा एकद्धार प्रणाली मार्फत संचालन गरिदा मात्रै शाखाको महत्व र औचित्य पुष्टि हुने देखिन्छ ।


# केही तस्बिरहरुः



# केही तस्बिरहरुः






आगामी आ.व. २०८१/०८२ को नीति, कार्यक्रम तथा
बजेटका बिषयमा गैर सरकारी संस्थाहरु संग
समन्वयात्मक वैठक तथा छलफल
कार्यक्रम
२०८१ जेठ ३१
आयोजक:
मंगलसेन नगरपालिका,अछाम



# कुनै जिज्ञासा ... ?

# समय र धैर्यताको लागि हार्दिक धन्यवाद




**<u>तयार गर्नेः</u>** होम बहादुर साउद, प्रशासन सहायक/MISअपरेटर - **मंगलसेन नगरपालिका, अछाम**

# आर्थिक सहायता समिति प्रतिवेदन

## आ.व. २०८०/०८१

मंगलसेन नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

मंगलसेन अछाम

| | |
|---|---|
| **कार्यक्रमको नामः** | मंगलसेन नगरपालिका, आर्थिक सहायता सम्वन्धि प्रतिवेदन - २०८१ |
| **सम्वन्धित कार्यालयः** | मंगलसेन नगरपालिका, नगर कार्यपालिकाको कार्यालय मंगलसेन अछाम |
| **बैठक भएको स्थानः** | मंगलसेन नगरपालिका |

## पृष्ठभूमी/परिचयः

मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि २०७७ अन्तरगतको **आर्थिक सहायता समिति** को विभिन्न मितिमा बैठकहरु सम्पन्न भए । बैठकहरुमा नगरका विभिन्न वडाहरुबाट उपचार सहयोग तथा आर्थिक सहयोगका लागि आएका निवेदनहरु मध्ये विपन्न, गरिब, असहाय र घट्नाको गम्भिरतालाई विष्लेषण गरि उयपयुक्त रकम सहयोग गर्ने निर्णय भएको छ । कम्तिमा ३००० देखी बढीमा २५००० सम्मको आर्थिक सहयोग गर्ने निर्णहरु बैठकबाट हुने गरेको अवस्था छ । नगर प्रमुख पदमबहादुर बोहराको अध्यक्षतामा रहेको समितिमा प्रमुख प्रशासकीय अधिकृत, एक जना कार्यपालिका सदस्य सहित स्वास्थ्य शाखा र सामाजिक सुरक्षा तथा पञ्जीकरण शाखाबाट प्रतिनिधित्व छ । बैठकहरुमा सम्वन्धित सबै सदस्यहरुले आएका निवेदनहरुमा छलफल तथा राय दिएपछि मात्रै कस्तो प्रकृतिकोलाई कति रकम छुट्याँउने भन्नेबारे निर्णय हुने गर्दछ ।

| | |
|---|---|
| **बैठकको उद्देश्यः** | • नगरबाट हुने आर्थिक सहायतालाई पारदर्शी, बैधानीक र व्यवस्थित पार्ने ।<br>• गरिब, बिपन्न र असहायलाई उपचारमा सहयोगका लागि सामान्य राहत उपलव्ध गराउँने । |

## भए गरेका क्रियाकलापहरुः

| | |
|---|---|
| **बैठक भएको मितिः** | २०८० पोष ०३ गते, र २०८१ जेठ २९ गते |
| **सहभागी संख्याः** | दुई बैठकमा सदस्य र आमन्त्रीत गरि १८ जना |
| **जम्मा प्राप्त निवेदन** | ६५ वटा |
| **सहयोग निर्णय संख्या** | ६० निवेदन |

# आर्थिक सहायता पाउनेहरुको वडागत बिवरणः

वडा नम्वर -१ मा ३ जना
वडानम्वर -२ मा १ जना
वडानम्वर -३ मा ४ जना
वडानम्वर -४ मा ७ जना
वडानम्वर -५ मा १३ जना
वडानम्वर -६ मा ६ जना
वडानम्वर -७ मा २ जना
वडानम्वर -८ मा १ जना
वडानम्वर -९ मा ३ जना
वडानम्वर -१० मा ४ जना
वडानम्वर -११ मा ० जना
वडानम्वर -१२ मा ० जना
वडानम्वर -१३ मा ३ जना
वडानम्वर -१४ मा १ जना

चौरपाटी गाउँपालिका - ४ जना,
साँफेबगर न.पा. ३ जना,
कमलबजार न.पा. २ जना,
रामारोशन, तुर्माखाँद र लम्कीचुहाबाट १/१ जना

**जम्मा ६० जना**

| | |
|---|---|
| **बैठक मार्फत सहयोगको निर्णय भएको रकमः** | • रु.४५१०००/- (अक्षरुपी चार लाख एकाउन्न हजार मात्र)<br>*जसमध्ये दोस्रो वैठकले ३५ वटा निवेदनका लागि निर्णय गरेको २ लाख ७१ हजारमा ९८ हजार मात्र भुक्तानी भएको* |
| **अघिल्लो आ.व. २०७९/०८० को अवस्थाः** | जम्मा प्राप्त निवेदन **९१ वटा**, निर्णय भएका **८५ जना**, रकम **रु.६३५०००/- (छ लाख पैंतिस हजार मात्र)** |
| **अघिल्लो र गत आ.व. को अन्तर** | २५ जना *(आ.व. २०७९/८० भन्दा आ.व. २०८०/८१ मा आर्थिक सहयोग लिनेको संख्या घटेको)* |
| **मुख्य नतिजा र उपलब्धीहरुः** | ➢ नगरपालिका मार्फत प्रदान हुने आर्थिक सहयोग व्यवस्थित र अभिलेखित भएको ।<br>➢ वास्तविक आर्थिक सहायता पाउनुपर्ने व्यक्तिहरुलाई थोरै भएपनि राहत महसुस भएको ।<br>➢ आर्थिक सहायतामा एकद्धवार प्रणाली कायम भएको ।<br>➢ अनावश्यक रुपमा आउने निवेदनहरु कन्ट्रोल भएको ।<br>➢ आवश्यकता र औचित्य नभएका निवेदनहरु अस्वीकृत भएका । आदि । |

**निष्कर्षः**


नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि -२०७७ अन्तरगतको आर्थिक सहायता समिति का बैठक मार्फत भएका सम्पादन निर्णयहरुबाट आर्थिक सहायता कार्यलाई पारदर्शी र प्रभावकारी बनाउँन निकै टेवा पुगेको छ ।


यसबाट सम्वन्धित लाभग्राहीहरुले थोरै भएपनि राहत महसुस गरेको अवस्था छ । अनावश्यक रुपमा आर्थिक सहयोगका लागि आउने निवेदनहरु अस्वीकृत गर्ने र अन्य निकायमा पठाउने कार्य पनि यस समिति मार्फत हुने भएकाले नगर क्षेत्रभित्रका गरिब, असहाय, बिरामीहरुका लागि प्रदान गरेको आर्थिक सहयोगको अभिलेखिकरण तथा प्रभावकारीतामा बृद्धि भएको अपेक्षा गर्न सकिन्छ ।

# आर्थिक सहायता समिति प्रतिवेदन

आ.व. २०८०/०८१

## मंगलसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मंगलसेन अछाम



**तयार गर्नेः** होम बहादुर साउद, प्रशासन सहायक/MISअपरेटर - **मंगलसेन नगरपालिका अछाम**

# आर्थिक सहायता समिति
## प्रतिवेदन
### आ.व. २०८०/०८१

## मंगलसेन नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## मंगलसेन अछाम

मंगलसेन नगरपालिका आर्थिक सहायता समितिमा प्राप्त भई वैठकमा छलफल तथा निर्णय भएकाहरुको नामावलिः *मितिः २०८०/०९/०३*

| क्र. सं. | लाभग्राहीको नाम थर | निवेदक | ठेगाना | समस्या | रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | समित बोहरा | तुलक्षी बोहरा | म.न.पा. ९ | अशक्त बिरामी | ३००० | |
| २ | जसु कामी | आफै | म.न.पा. २ | एचआईभी पिडित | ५००० | |
| ३ | नविना रेग्मी | चन्द्रकला रेग्मी | म.न.पा. १४ | मुटुरोग | १०००० | |
| ४ | झुमा अन्सारी | आफै | मनपा ५ | उपचार | ३००० | |
| ५ | सावि भण्डारी | आफै | मनपा ६ | उपचार | ७००० | |
| ६ | राजु बादी | धिरेन/सुक्मा | लम्कीचुहा ३ | मृगौला रोग | ३००० | |
| ७ | राधा साउद | उदयराम साउद | चौरपाटी २ | क्यान्सर | ५००० | |
| ८ | धनि जैशी | चन्द्र/सरस्वती जैशी | मनपा ५ | उपचार | ५००० | |
| ९ | गंगे कामी | आफै | मनपा ४ | क्यान्सर | १०००० | |
| १० | सरिता बादी | पिरम बादी | मनपा ५ | उपचार | १५००० | रु.५००० यसअघि भुक्तानी लिसकेको |
| ११ | राधिका सुनार बिक | नन्दसिंह लोहार | चौरपाटी ४ | क्यान्सर | ५००० | |
| १२ | शारदा भुल | धन बहादुर भुल | चौरपाटी ४ | क्यान्सर | ५००० | |
| १३ | रमेश भुल | आफै | साँफेबगर ८ | मृगौला रोग | ५००० | |
| १४ | धौली भुल | गगने भुल | मनपा ४ | आँखा उपचार | १०००० | |
| १५ | नरेन्द्र साउद | गगन साउद | मनपा १ | मृगौला रोग | १०००० | |
| १६ | धारु जैशी | लोकराज जैशी | मनपा ७ | मृगौला रोग | १०००० | |
| १७ | सरिता बिसी | धन कामी | कमलबजार ५ | उपचार | ५००० | सिधै भुक्तानी भएको |
| १८ | मिन बहादुर कडायत | आफै | साँफेबगर १२ | क्यान्सर | ५००० | |
| १९ | पमा भण्डारी | आफै | मनपा ६ | आर्थिक सहायता | ३००० | |
| २० | आशिस खड्का | कमला खड्का | मनपा ५ | उपचार | ५००० | वडा नं. ५ बाट भुक्तानी भएको |
| २१ | हर्क बहादुर राना | आफै | मनपा १ | उपचार | २५००० | |
| २२ | राधा साउद | कमल साउद | चौरपाटी ६ | ब्रेन ह्याम्रेज | ५००० | |
| २३ | हर्क बिक | आफै | मनपा १० | उपचार | ७००० | |
| २४ | विश्वेश्वर रावल | डम्मर बहादुर रावल | मनपा १० | उपचार | ७००० | |
| २५ | संगम परियार | गणेश दर्जी | मनपा १० | उपचार | ७००० | |
| | | | | अक्षरुपी, एक लाख असी हजार मात्र । | १८०००० | |

CS Scanned with CamScanner

आज मिति २०८१ जेठ २९ गतेका दिन बेलुका ५ बजे यस मंगलसेन नगरपालिकाको "आर्थिक सहायता सम्वन्धि कार्यविधि-२०७७" अन्तरगत आर्थिक सहायता समितिको चालु आ.व. २०८०/०८१ को दोस्रो वैठक समितिका अध्यक्ष एवं नगर प्रमुख श्री पदमबहादुर वोहराज्यूको अध्यक्षतामा वसी तपसिल अनुसारका समिति पदाधिकारीको उपस्थितिमा देहाय वमोजिम निर्णय पारित गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पदम वहादुर वोहरा | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री खकेन्द्र वहादुर सोडारी | प्र.प्र.अधिकृत/सदस्य | |
| ३ | श्री ज्ञानेन्द्र वहादुर वोहरा | का.पा. सदस्य/सदस्य | |
| ४ | श्री भुमिनन्द ढुंगाना | स्वा.शाखा/सदस्य | |
| ५ | श्री होम वहादुर साउद | सदस्य सचिव | |

<u>आमन्त्रितः</u>

१. श्री विष्णु प्रसाद उपाध्याय, लेखा अधिकृत

२.श्री विष्णु प्रसाद जैसी, सूचना अधिकारी

३. श्री राम वहादुर वुढा, उ.वि. स.

४. श्री राम वहादुर खत्री, का.स.

<u>प्रस्तावहरुः</u>

१. आर्थिक सहायता सम्वन्धमा ।

<u>निर्णयः</u>

१. प्रस्तावमा आवश्यक छलफल गर्दा मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि-२०७७ को दफा १४ अनुसार यस नगरपालिकामा अर्थिक सहायताका लागि चालु आर्थिक वर्ष २०८०/०८१ को पौष ४ देखी २०८१ जेठ २९ गतेसम्म प्राप्त भएका निवेदनहरु मध्ये तपशिलका व्यक्ति/संस्थाहरुलाई तपसिल अनुसारको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

CS Scanned with CamScanner

मंगलसेन नगरपालिका आर्थिक सहायता समितिमा प्राप्त भई वैठकमा छलफल तथा निर्णय भएकाहरुको नामावलिः *मितिः २०८१/०२/२९*

| क्र. सं. | लाभग्राहीको नाम | निवेदक | ठेगाना | समस्या | रकम रु. | कै. |
|---|---|---|---|---|---|---|
| १ | सरीता बादी | प्रेम बादी | म.न.पा. ५ | पत्थरी | ८००० | वै. अनुमोदन |
| २ | रमेश कामी | बल कामी | म.न.पा. १३ | मुटुरोग | २५००० | |
| ३ | रतनराज रेग्मी | आफै | साफेबगर २ | क्यान्सर | ५००० | |
| ४ | धौली भूल | भरत भूल | म.न.पा. ४ | आँखा उपचार | ५००० | वै. अनुमोदन |
| ५ | पूर्ण बहादुर विश्वकर्ममा | आफै | म.न.पा. ५ | उपचार सहयोग | ५००० | वै. अनुमोदन |
| ६ | हरीकला भाट | बिमा बिष्ट आफन्त | म.न.पा. ५ | उपचार सहयोग | ५००० | वै. अनुमोदन |
| ७ | हरी जोशी भाट | आफै | म.न.पा.५ | उपचार सहयोग | १०००० | वै. अनुमोदन |
| ८ | करन कामी | आफै | म.न.पा. १३ | उपचार सहयोग | ५००० | |
| ९ | पदम बहादुर भण्डारी | आफै | कमलबजार ७ | क्यान्सर | ५००० | |
| १० | नविन बिक | लक्ष्मी बिक | मंगलसेन ५ | आँखा उपचार | ५००० | वै. अनुमोदन |
| ११ | नेत्र जनाला | आफै | मंगलसेन ७ | बदेल आक्रमण | ५००० | |
| १२ | कमल साउद | रमित साउद भाई | रामारोशन ६ | करेन्ट लागेको | ५००० | |
| १३ | नैन बहादुर बिक | आफै | मंगलसेन ४ | आँखा उपचार | १०००० | वै. अनुमोदन |
| १४ | पारु आउजी | आफै | मंगलसेन ५ | आर्थिक सहयोग | ५००० | |
| १५ | सुवास शाही | रमेश शाही | तुर्माखाँद ५ | उपचार सहयोग | ५००० | |
| १६ | सर्पे नेपाली | आफै | मंगलसेन १३ | उपचार सहयोग | ५००० | |
| १७ | रिना बिक | अप्सरा टमट्टा | मंगलसेन ५ | मुटुरोग | ५००० | |
| १८ | देउकला भण्डारी | कविता कु. संज्याल | मंगलसेन ६ | बदेल आक्रमण | ५००० | |
| १९ | लक्ष्मण बहादुर साउद | आफै | मंगलसेन ३ | उपचार सहयोग | ५००० | |
| २० | दिक्षीत थापा | हीरा थापा | मंगलसेन १ | उपचार सहयोग | ५००० | |
| २१ | राम प्रसाद भण्डारी | आफै | मंगलसेन ६ | बदेल आक्रमण | १५००० | वै. अनुमोदन |
| २२ | चक्र प्रसाद भण्डारी | आफै | मंगलसेन ६ | बदेल आक्रमण | १५००० | वै. अनुमोदन |
| २३ | गौतम भण्डारी | आफै | मंगलसेन ६ | बदेल आक्रमण | १५००० | वै. अनुमोदन |
| २४ | परे भुल | आफै | मंगलसेन ४ | उपचार सहयोग | १०००० | |
| २५ | कलु सार्की | आफै | मंगलसेन ३ | उपचार सहयोग | ५००० | वै. अनुमोदन |
| २६ | रमेश बहादुर केसी | तारादेवी केसी | मंगलसेन ४ | उपचार सहयोग | ५००० | |
| २७ | महेन्द्र परियार | दुर्गा देवी ढोली | मंगलसेन १० | आर्थिक सहयोग | ५००० | |
| २८ | उमेश कुवर | शुसिला कुवर | मंगलसेन ४ | आँखा उपचार | ५००० | |
| २९ | दिलिप कामी | मीना कामी | मंगलसेन ९ | उपचार सहयोग | ५००० | |
| ३० | भजन नगार्जी | आफै | मंगलसेन ५ | उपचार सहयोग | ५००० | |
| ३१ | जोगी टमट्टा | आफै | मंगलसेन ३ | उपचार सहयोग | ५००० | |
| ३२ | दुर्गा खड्का | आफै | मंगलसेन ५ | उपचार सहयोग | ३००० | |
| ३३ | कमला भण्डारी | आफै | मंगलसेन ८ | उपचार सहयोग | १०००० | |
| ३४ | ललिता ढोली | आफै | मंगलसेन ९ | उपचार सहयोग | १०००० | |
| ३५ | गिन्द्र बहादुर बोगटी | आफै | मंगलसेन ३ | क्यान्सर | २५००० | |
| | | | | अक्षरुपी, दुई लाख छयालिस हजार मात्र । | २७१००० | |

Scanned with CamScanner

आज मिति २०८० पौष ०३ गतेका दिन बिहान ९ बजे यस मंगलसेन नगरपालिकाको "आर्थिक सहायता सम्वन्धि कार्यविधि-२०७७" अन्तरगत आर्थिक सहायता समितिको चालु आ.व. २०८०/०८१ को प्रथम बैठक समितिका अध्यक्ष एवं नगर प्रमुख श्री पदमबहादुर बोहराज्यूको अध्यक्षतामा वसी तपसिल अनुसारका समिति पदाधिकारीको उपस्थितिमा देहाय बमोजिम निर्णय पारित गरियो ।

<u>तपसिलः</u>

| क्र.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पदम बहादुर बोहरा | नगर प्रमुख/अध्यक्ष | |
| २ | श्री खकेन्द्र बहादुर सोडारी | प्र.प्र.अधिकृत/सदस्य | |
| ३ | श्री ज्ञानेन्द्र बहादुर बोहरा | का.पा. सदस्य/सदस्य | |
| ४ | श्री भुमिनन्द ढुंगाना | स्वा.शाखा/सदस्य | |
| ५ | श्री होम बहादुर साउद | सदस्य सचिव | |

<u>आमन्त्रितः</u>

१. श्री संगिता कुमारी रावल, नगर उपप्रमुख

२.श्री विष्णु प्रसाद उपाध्याय, लेखा अधिकृत

३. श्री राम बहादुर बुढा, उ.वि. स.

४. श्री राम बहादुर खत्री, का.स.

<u>प्रस्तावहरुः</u>

१. आर्थिक सहायता सम्वन्धमा ।

<u>निर्णयः</u>

१. प्रस्तावमा आवश्यक छलफल गर्दा मंगलसेन नगरपालिकाको आर्थिक सहायता सम्वन्धि कार्यविधि-२०७७ को दफा १४ अनुसार यस नगरपालिकामा अर्थिक सहायताका लागि चालु आर्थिक वर्ष २०८०/०८१ को श्रावण १ देखी पौष ०३ गतेसम्म प्राप्त भएका निवेदनहरु मध्ये तपसिलका व्यक्ति/संस्थाहरुलाई तपसिल अनुसारको आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner